लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)
परासी

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

प.स: २०८१/८२ मिति: २०८२/०२/०१

# सिंचाईका लागी मोटर वितरण कार्यक्रम प्रस्तावना आव्हानको सूचना
## (प्रतापपुर र सुस्ता गाउँपालिकाका कृषकको लागी)

प्रकाशित मिति २०८२/०२/०१

कृषि ज्ञान केन्द्र नवलपरासी (ब.सु.प) को चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल अनुसारका सिंचाईका लागी मोटर वितरण कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८२/०२/१६ गते कार्यालय समय) भित्र प्रतापपुर वा सुस्ता गाउँपालिका कृषि विकास शाखा (कृषि ज्ञान केन्द्रको सम्पर्क डेस्क) मा निम्न उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संग्लन गर्नुपर्ने कागजात यस कार्यालयको सूचनापाटी वा वेवसाईट nawalparasi.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७८-५२०१२६ मा सम्पर्क गर्न सकिनेछ।गत विगत ३ आ.व.बर्ष भित्रमा कुनै निकायबाट अनुदानमा सिंचाईको लागी मोटर प्राप्त गरेको घरपरिवारलाई अनुदानमा पुनःमोटर उपलब्ध गराउन नसकिने साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| का.क्र. सं. | कार्यक्रम/ क्रियाकलाप | संचालन गर्न सकिने क्रियाकलाप | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| २.७.२५.५३ | २०% लागत सहभागितामा सिंचाईको लागि मोटर वितरण, प्रतापपुर ५ नवलपरासी | सिंचाई प्रयोजनका लागी मोटर खरिद | ➢ व्यवसायिक खेती गरको हुनुपर्ने (कम्तिमा १० कठ्ठा क्षेत्रफलमा खेती गरेको)<br>➢ खरिद गरिने मोटरको स्पेकिफिकेशन कार्यालयबाट स्वीकृत भएको हुनुपर्ने (कम्तिमा २ Hp को हुनुपर्ने)<br>➢ यस अघि अनुदान नपाएकोलाई प्राथमिकता दिईनेछ।<br>➢ विपन्न तथा सिमान्तकृत कृषकबर्गलाई प्रथमिकता दिईनेछ। | प्रतापपुर गाउँपालिका वडा नं.-०५ नवलपरासी | कृषक/ फर्म/समुह/ सहकारी संस्था मार्फत कार्यक्रम संचालन हुने। | प्रति कृषक/ कृषक परिवार खरिद गरिने मोटरको कुल लागतको ५०% वा अधिकतम ११००० हजार सम्म अनुदान उपलब्ध गराईनेछ। (अधिकतम ११ हजार यस अघि यस्तै कार्यक्रममा स्वीकृत भईसकेको) |
| २.७.२५.५४ | २०% लागत सहभागितामा सिंचाईको लागि मोटर वितरण, प्रतापपुर र सुस्ता नवलपरासी | | | प्रतापपुर र सुस्ता गाउँपालिका नवलपरासी | | |



प्र.रवीन्द्र नाथ चौ.
प्रमुख (अधिकृतस्तर ...)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)
परासी

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

प.स: २०८१/८२

मिति: २०८२/०२/०१

# सिंचाईका लागी मोटर वितरण कार्यक्रम प्रस्तावना आव्हानको सुचना
## (प्रतापपुर र सुस्ता गाउँपालिकाका कृषकको लागी)

✓ नोट: सिंचाईको लागि बोरिङ्ग भएको साथै सिंचाई हुने स्थानमा विद्युतिकरण भएको स्थानमा सिंचाई हुनेलाई प्राथमिकता दिईनेछ।

✓ आवेदन पेश गर्ने स्थान: प्रतापपुर र सुस्ता गाउँपालिका, कृषि विकास शाखा (कृषि ज्ञान केन्द्रको सम्पर्क डेस्क)

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. प्रस्तावकको निवेदन। (अनुसूची ३३ बमोजिमको)

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारीको लागी)

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि। (समूह/निजी फर्म/कम्पनी/सहकारीको लागी)

४ . कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने)

५. कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना (अनुसूची-३५ बमोजिम) र उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।

६. सम्बन्धित स्थानीय तह वडाको सिफारिस पत्र।

७. दोहोरो अनुदान नलिएको स्वःघोषणा। (अनुसूची ३९ बमोजिम)।

८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।(समूह/ सहकारीको लागी)

९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।

१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई खेती गर्नेको हकमा १५ वर्ष वा तोकिएको अवधिको करार पत्र।

पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन वा मन्त्रालयको कुनै निर्देशन भएमा सोही बमोजिम हुनेछ।

.........................
(डा. रवीन्द्र नाथ चौबे)



CamScanner